निर्णयहरू :

नि.नं १, प्रस्ताव नं १ माथी छलफल गर्दा यस मेलम्ची नगरपालिकाको आन्तरिक आय ठेक्का संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ बमोजिम ठेक्काको प्रक्रिया पुरा गरी ठेक्का खोलि, मुल्याङ्कन समितिको मुल्याङ्कन प्रतिवेदन, कार्यपालिकाको निर्णय लगायत सम्पूर्ण विधि पुरा गरी आशयको सूचना समेत प्रकाशन गरिएको छ । सो सम्बन्धमा सम्मानीत उच्च अदालतमा माथिल्लो अंक कबोल गर्ने श्री तिनपिप्ले निर्माण सेवाबाट उत्प्रेषण परमादेश समेतको रिट दर्ता गरेकोमा **"प्रस्तुत निवेदनको सन्दर्भमा मिशिल संलग्न प्रमाणको समुचित विवेचना भई अन्तिम आदेश हुने नैं हुदाँ हाल निवेदकको मागदाबी बमोजिम अन्तरिम आदेश जारी गरि रहन परेन"** भनी आदेश भै अन्तरिम आदेश नभएको हुदाँ यस नगरपालिकाको आन्तरिक आय ठेक्का संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ५ (१) बमोजिम ७ (सात) दिनको समय दिई मिति २०७५।०६।२३ गते पत्राचार गरिएकोमा उक्त मितिबाट आज मिति २०७५।०६।२८ गते अपरान्ह ५ बजे सम्ममा उक्त निर्माण सेवाको तर्फबाट कार्यसम्पादन जमानत लिई ठेक्का सम्झौता गर्न नआएकाले ऐ.ऐ. कार्यविधि, २०७५ को दफा ५ (२) बमोजिम श्री तिनपिप्ले निर्माण सेवालाई ७ (सात) दिनको म्याद दिई यस अघि मिति २०७५।०६।२३ गते पत्राचार गरिएको पत्रमा उल्लेखित रकम बमोजिम ठेक्का सम्झौता गर्न आउनका लागि पत्राचार गर्ने र उक्त तिन पिप्ले निर्माण सेवाको तर्फबाट उल्लेखित ७ (सात) दिन भित्र कार्यसम्पादन जमानत लिई ठेक्का सम्झौता गर्न नआएमा ऐ. ऐ. कार्यविधि, २०७५ को दफा ५(२) बमोजिम त्यसपछिको दोश्रो बोलपत्रदाता श्री शिवश्री निर्माण सेवा (जि. सिन्धुपाल्चोक, भोटेचौर-१) ले मु.अ.क. बाहेकको रकम रू २८,१७,५०,०००।- (अठ्ठाईस करोड सत्र लाख पचास हजार) कबोल गरेको देखिदाँ सोही बोलपत्रदातालाई ठेक्का दिने भन्ने ब्यहोराको एकसाथ सूचना तिन पिप्ले निर्माण सेवालाई दिने र उल्लेखित समयावधी भित्र कार्य सम्पादन जमानत लिई ठेक्का सम्झौता गर्न नआएमा ऐ.ऐ. कार्यविधिको दफा ५(३) बमोजिमको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

नि. नं. २, प्रस्ताव नं २ माथी छलफल गर्दा यस मेलम्ची नगरपालिकाको एकीकृत नगर विकास गुरूयोजना निर्माणका लागि मिति २०७५।०१।२७ गते ए नट/आर्किटेक्ट्स एण्ड एलाइड जे.भि. संग मिति २०७५।०६।२६ गते सम्म अन्तिम प्रतिवेदन बुझाउनु पर्ने भनी सम्झौता गरिएकोमा उक्त फर्मबाट मिति २०७५।०६।२५ गते दुई महिनाको लागि म्याद थप गरिदिन भनी निवेदन पेश गरेको हुदाँ मिति २०७५।०८।२५ गते सम्ममा अन्तिम प्रतिवेदन यस नगरपालिकामा बुझाउने गरी म्याद थप गर्ने निर्णय गरियो ।

२०७५।०६।२४